का.जि.प्र.का.द.नं. १००/०५९/६०
१२ वैशाख २०८०,
मंगलबार
25 April 2023,
Tuesday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक
ईपेपर हेर्न
वर्ष २१, अंक ८९ । पृष्ठ १० | Madhyanha National Daily | www.madhyanhadaily.com

## हट्यो संसदको अन्योल

संसदीय समितिको भागबण्डा र संसदमा रहेका महत्वपूर्ण विधेयकहरु अगाडि बढाउने प्रक्रियामा ठूला राजनीतिक दलहरुका बीचमा सहमति जुटेसँगै संसदमा रहेको अन्योलता हटेको नेताहरु बताउँछन् ।



*प्रधानमन्त्री एवम् नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड', नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा, नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओली र मुख्य तीन दलका प्रमुख सचेतकहरु सोमबार सिंहदरबारमा समसामयिक विषयमा छलफल गर्दै । तस्बिर : प्रदीपराज वन्त/रासस*

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ११ वैशाख

संसदीय समिति गठन र संसदमा रहेका महत्वपूर्ण विधेयकहरु अगाडि बढाउने प्रक्रियामा ठुला राजनीतिक दलहरुका बीचमा सहमति जुटेको छ । यो संगै संसदमा रहेको अन्योलता हटेको नेताहरु बताउँछन् । नेताहरुका अनुसार संसदीय समितिको भागवण्डा मिलेको छ।

संसदका प्रमुख तीन दलका शीर्ष नेताहरुबीच सिंहदरबारमा भएको छलफलमा एमालेले तीन वटा समितिको सभापति लिने सहमति भएको छ।

एमाले प्रमुख सचेतक पदम गिरीका अनुसार संयुक्त समितिमध्ये संसदीय सुनुवाइको सभापति नेपाली कांग्रेसले लिनेछ भने राज्यको निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन अनुगमन तथा मुल्यांकन समितिको सभापति एमालेले लिनेछ। यस्तै, प्रतिनिधि सभाको १० वटा विषयगत समितिमध्ये एमालेले सार्वजनिक लेखासहित २ वटाको सभापति पाउनेछ।

यसैगरी, नेपाली कांग्रेस, नेकपा एमाले र नेकपा माओवादी केन्द्रबीच संवैधानिक परिषदसम्बन्धी विधेयक संसदबाटै पारित गर्ने सहमति भएको छ।

संवैधानिक परिषदसम्बन्धी विधेयक पारित नहुँदा बैठक बस्न र प्रधानन्यायाधीश नियुक्ति सिफारिस गर्न कानुनी रिक्तता रहेको छ।

सोमबार यस विषयमा छलफल गर्न प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड, कांग्रेस सभापति शेरबहादुर देउवा र नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीबीच सिंहदरबारमा छलफल भएको थियो। त्यस क्रममा तीन शीर्ष नेताबीच संवैधानिक परिषदसम्बन्धी विधेयक पनि संसदबाटै पारित गरेर संवैधानिक परिषदको बैठक बस्न कानुनी रिक्तता अन्त्य गर्ने सहमति भएको एमाले संसदीय दलका प्रमुख सचेतक पदम गिरीले >>> पृष्ठ २ मा

## बदलिँदै प्रदेश सरकार

एकअर्कालाई आरोप प्रत्यारोप गर्दै संघदेखि प्रदेशसम्म अस्थिरता निम्त्याइरहेका एमाले अध्यक्ष केपी ओली, कांग्रेस सभापति शेरबहादुर देउवा र माओवादी केन्द्रका अध्यक्ष तथा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले आफूलाई नसुधारे जनमत थप घट्दै जाने सरोकारवालाहरु बताउँछन् ।

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, ११ वैशाख

प्रमुख प्रतिपक्षी नेकपा एमाले नेतृत्वको सरकार एकपछि अर्को गर्दै ढल्न थालेपछि देश पुन अस्थिरतरतातर्फ अघि बढेको चर्चा हुन थालेको छ। दोश्रो ठूलो बनेको दल एमालेको नेतृत्वमा रहेको तीनवटा प्रदेश सरकार ढलेपछि मूलुकले थप अस्थिरता ब्यहोनुपर्ने चर्चा हुन थालेको हो । एमालेको नेतृत्वमा गण्डकी, लुम्बिनी, सुदूरपश्चिम र कोसी प्रदेश सरकार रहेका थिए । गण्डकीमा खगराज अधिकारी, लुम्बिनीमा लीला गिरी र सुदूरपश्चिममा राजेन्द्रसिंह रावल मुख्यमन्त्री र कोशीमा हिक्मत कार्की मुख्यमन्त्री बनेका थिए । तर हाल गण्डकी, लुम्बिनी र सुदुरपश्चिमको सरकार ढलेर कोसी प्रदेश सरकार मात्रै बाँकी रहेको छ।

'राजनीतिक दलको सत्ताका लागि लुछाचुँडी गर्ने र अस्थिरतातर्फ देशलाई दौडाउने प्रवृत्तिको प्रतिफल उपनिर्वाचनले पनि देखाएको छ, अब पनि नसच्चिए पूराना दल सक्किनेछन्' राजनीतिक विश्लेषक विष्णु दाहालले भने । उनले अब केन्द्रदेखि प्रदेशसम्मकै सरकारमा झनै अस्थिरता निम्तने दाबी गरेका छन् ।

त्यसो त, प्रदेशमा मात्रै होईन संघमा पनि चुनाव भएको चार महिना नपुग्दै पटक पटक सरकार फेरिने र मन्त्री फेरिने गतिविधि सुरु भइसकेको छ। निर्वाचनबाट कसैको पनि बहुमत नआएपछि गठबन्धन छोडेर एमालेको समर्थनमा प्रधानमन्त्री बनेका पुष्पकमल दाहाल प्रचण्डले पुन गठबन्धनको समर्थनमा सरकार गठन गरे। नेपाली कांग्रेस, जनता समाजवादी पार्टी, नेकपा समाजवादी (एस) सहितका दलको सहयोगबाट मन्त्रीमण्डल गठन गरेका प्रचण्डको ध्यान अझैपनि सत्ताको भागबण्डा मिलाउनमै केन्द्रित देखिन्छ । पटक पटक मन्त्री फेर्ने र बनाउने खेलमा लागेका उनले अझै पनि मन्त्रीपरिषद्लाई समेत पूर्णता दिन सकेका छैनन् ।



पुष्पकमल दाहालका कारण मुलुक फेरि अस्थिरतातर्फ धकेलिने भयो, दाहालकै कारण देशमा आर्थिक संकट निम्तिएको छ भने राजनीतिक अस्थिरता र उद्दण्डता झनै बढेको छ ।

■ **शंकर पोखेल**
**महासचिव, नेकपा एमाले**




राजनीतिक दलको सत्ताका लागि लुछाचुँडी गर्ने र अस्थिरतातर्फ देशलाई दौडाउने प्रवृत्तिको प्रतिफल उपनिर्वाचनले पनि देखाएको छ, अब पनि नसच्चिए पूराना दल सक्किनेछन् ।

■ **विष्णु दाहाल**
**राजनीतिक विश्लेषक**

'पुष्पकमल दाहालका कारण मुलुक फेरि अस्थिरतातर्फ धकेलिने भयो, दाहालकै कारण देशमा आर्थिक संकट निम्तिएको छ भने राजनीतिक अस्थिरता र उद्दण्डता झनै बढेको छ' नेकपा एमालेका महासचिव शंकर पोखेलले भने । उनले शेरबहादुर देउवा प्रधानमन्त्री र माओवादीका नेता जनार्दन शर्मा अर्थमन्त्री भएकै वेला देशमा आर्थिक संकट चुलिएको दावी समेत गरेका छन् ।

एकअर्कालाई आरोप प्रत्यारोप गर्दै संघदेखि प्रदेशसम्म अस्थिरता निम्त्याईरहेका एमाले अध्यक्ष केपी ओली, कांग्रेस सभापति देउवा र माओवादी अध्यक्ष तथा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले आफूलाई नसुधारे जनमत थप घट्दै जाने देखिएको छ।

एकातिर देशमा सम्भावना नदेखेर विदेश जाने नेपालीहरुको संख्या बढेको छ भने अर्कोतिर राजनीतिक अस्थिरताले विकासमा बाधा पुऱ्याइरहेको छ । संघदेखि प्रदेशसम्म बढेको राजनीतिक अस्थिरताको अन्त्य गरेर जनहितमा काम नगर्ने हो भने आगामी निर्वाचनमा ठूला दललाई जनताले पाखा लगाउने निश्चित छ।




## टऱ्यो विमान दुर्घटना

नेपाल नागरिक उड्ययन प्राधिकरणका अनुसार त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट दुबईका लागि उडेको विमानको शुरुवातमै इन्जिनमा समस्या आएको थियो । समस्या आएपछि विमानका पाइलटले एयर ट्राफिक कन्ट्रोलर (एटीसी) लाई जानकारी गराएका थिए ।

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, ११ वैशाख

काठमाडौंको आकाशमा विमान दुर्घटना टरेको छ । नेपाल नागरिक उड्ययन प्राधिकरणका अनुसार त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट दुबईका लागि उडेको विमानको शुरुवातमै इन्जिनमा समस्या आएको थियो । समस्या आएपछि विमानका पाइलटले एयर ट्राफिक कन्ट्रोलर (एटीसी) लाई जानकारी गराएका थिए ।

तर, विशेष सावधानीका कारण विमान दुर्घटना हुनबाट टरेको हो । विमानको इञ्जिनमा समस्या आउँदा ठूलो आवाज समेत आएको थियो । त्रिभुवन विमानस्थलबाट दुबईका लागि उडेको कलसाइन एफजेड ५७६ भएको जहाज उडेको केहीबेरमै समस्याग्रस्त बनेको थियो ।

असामान्य अवस्थाको जहाजले आकाशमा केहीबेर फन्को लगाएको थियो । पाइलटले जहाजलाई केहीबेर अघि उडान नियमित गर्न सकिने भनेर विमानस्थलको टावरसँग अनुमति मागेपछि अनुमति दिइएको बताइएको छ ।

त्रिभुवन विमानस्थलका प्रवक्ता टेकनाथ सिटौलाका अनुसार यससँगै जहाज गन्तव्यतर्फ लागेको थियो। उनका अनुसार सम्भावित दुर्घटनालाई ध्यान दिँदै विमानस्थलमा सुरक्षाका आवश्यक सबै तयारी अपनाइएको थियो ।

प्राविधिक समस्या देखिएको सो जहाजमा १६९ जना यात्रु रहेका थिए । जहाजमा १२० विदेशी र ४९ जना नेपाली रहेका थिए ।

### वैदेशिक रोजगार विशेष

## मलेसियामा विदेशी कामदार रोक्न खोजेकै हो ?

**मध्यान्ह संवाददाता**
काठमाडौं, ११ वैशाख

के मलेसियामा विदेशी कामदारको चाप रोक्न खोजेकै हो त ? यो प्रश्न अहिले वैदेशिक रोजगार क्षेत्रमा उठ्न थालेको छ। मलेसियाले नयाँ कामदारको एप्रुभल रोकेको पाँच साता बित्दै गर्दा यस्तो प्रश्न उठ्न थालेको हो। मलेसियाले नयाँ कामदारको एप्रुभल फ्रिज गर्ने निर्णयले मलेसियामा देशको अर्थतन्त्रका लागि उनीहरूको आवश्यकता वा पर्याप्तता भन्ने बहस पनि गहिरिएको छ । पुत्राजय अर्थात् मलेसिया सरकारले ९ लाख ९५ हजार ३ सय ९६ विदेशी कामदारको एप्रुभल दिएपछि गत मार्च १८ बाट नयाँ कामदारको एप्रुभल रोकेको छ ।

सरकारी निर्णयलाई मलेसियन उत्पादकहरूको महासंघले देशको उत्पादकता र कुल गार्हस्थ उत्पादन (जीडीपी) लाई असर गर्ने बताउँदै निर्णय परिवर्तन गर्न सरकारसँग माग गरेका छन् । तर मलेसियाका केही अर्थविद् तथा अर्थशास्त्रीहरू मलेसियन उत्पादकहरूको महासंघको रायसँग असहमत देखिएका छन् ।

मलेसियाको वैदेशिक रोजगारको विस्तार र निरन्तरता नेपाली समाजको विभिन्न पक्षसँग जोडिएको छ । इजाजतपत्र नवीकरणका लागि वार्षिक एक सय जना कामदार अनिवार्यरूपमा पठाउनुपर्ने बाध्यतामा रहेका नेपालका वैदेशिक रोजगार व्यवसायीहरू पनि मलेसियाले नयाँ कामदारको डिमाण्ड एप्रुभल नगर्दा वार्षिक सय जना कामदारको श्रम स्वीकृति नपुग्ने चिन्तामा छन् ।

मलेसियामा नयाँ एप्रुभल रोकिएसँगै उक्त मुलुकमा रोजगारीका लागि जाने नेपाली कामदारको संख्यामा फागुनको तुलनामा चैतमा ४ हजारले कमी आएको छ । म्यानपावर व्यवसायीको इजाजतपत्र मात्रै नभई रेमिट्यान्सका कारण पनि नेपाली अर्थतन्त्रसँग मलेसियाको अर्थतन्त्रको सम्बन्ध क्रमशः गहिरिएर जान थालेको छ ।

मलेसिया युनिभर्सिटी अफ साइन्स एण्ड टेक्नोलोजीका जेफ्री विलियम्सले मलेसियन उत्पादकहरूको महासंघको भनाइलाई 'अतिव्यक्ति' भनेर आलोचना गर्दै हाल मलेसियामा रहेका आप्रवासी कामदार देशको आर्थिक वृद्धिलाई कायम राख्न पर्याप्त रहेको बताए ।

उनले विदेशी कामदार रोक्ने सरकारी निर्णयले उत्पादकत्वमा कुनै प्रभाव नपार्ने दाबीसमेत गरेका छन् । उनले मलेसियामा विदेशी कामदारहरू र कागजातविहीन भई अड्किएका शरणार्थीहरू प्रशस्त भएकाले उनीहरूलाई काममा लगाउन सकिने बताएका छन् ।

मलेसियामा करिब १५ लाख कानूनी विदेशी कामदार रहेको र यस वर्षको अन्त्यसम्म सरकारको रिक्यालिब्रेसन कार्यक्रमको विस्तारबाट थप ३ लाख ८० हजार गैरकानूनी आप्रवासी लाभान्वित हुने उनको भनाइ छ ।

यसअघि ३१ डिसेम्बर २०२२ सम्म चलेको रिक्यालिब्रेसन कार्यक्रममा ४ लाख १० हजारभन्दा बढी कागजपत्रविहीन आप्रवासीहरूले वैधानिक विदेशी कामदारको रूपमा नियमित हुने अनुमति पाएका >>> पृष्ठ २ मा

## भत्कँदै पुराना दलको विरासत

**विकास लम्साल/मध्यान्ह**
काठमाडौं, ११ वैशाख

प्रतिनिधिसभा उपनिर्वाचनको मतगणना जारी छ । आइतबार चितवन क्षेत्र नं. २, तनहुँ क्षेत्र नं. १ र बारा क्षेत्र नं. २ मा आइतबार उपनिर्वाचनको मतदान भएको थियो । उपनिर्वाचन क्षेत्रको मतगणना जारी रहेको हो ।

तनहुँमा आइतबार रातीबाट मतगणना शुरु भएको थियो भने चितवन र बारामा सोमबार बिहानबाट मतगणन शुरु भएको थियो। मतगणनमा राष्ट्रिय स्वतन्त्र पार्टीले चितवन र तनहुँमा अग्रता लिएको छ भने बारामा जनमत पार्टी र जनता समाजवादी पार्टीको भिडन्त चलिरहेको छ ।

अहिले भएको उपनिर्वाचनमा जसले जिते पनि सरकार परिवर्तन हुने होइन र नयाँ नेतृत्वले देशलाई हाँक्ने पनि होइन । यति हुँदाहुँदै पनि मत खस्ने परिमाणमा खास नघट्नुको कारण परिवर्तनका लागि मतदाता उत्सुक भएको देखिनु हो । एउटा वैकल्पिक शक्तिलाई अघि बढाउनका लागि नागरिकहरु उत्सुक देखिएका हुन् ।

डा. स्वर्णिम वाग्ले सुविधाजनक मतका साथ अघि देखिनु मतदाताको उत्सुकताको नतिजा हो। यसपटक कांग्रेस र एमालेको पनि घटेको छ। अरु बाँकी पार्टीहरुले रास्वपालाई मत दिएको प्रारम्भिक विश्लेषण गर्न सकिन्छ ।

यो समाचार तयार पार्दासम्म तनहुँमा रास्वपाका उम्मेदवार स्वर्णिम बाग्लेको जित पक्का भइरहेको छ । तनहुँ १ का नेपाली कांग्रेसका उम्मेदवार गोविन्द भट्टराईले हार स्वीकार्दै मतदाता प्रति आभार व्यक्त गरेका छन् । जारी मतगणनामा राष्ट्रिय स्वतन्त्र पार्टीका स्वर्णिम वाग्लेसँग १० हजार मत अन्तरले पछि परेका उनले सामाजिक सञ्जाल फेसबुकमा लेखेका छन्, ' मेरो तपाईंप्रतिको विश्वास पूरा गर्न आफूलाई अब्बल प्रमाणित गर्न सकिनँ, यसले मलाई तपाईंको विश्वास योग्य बनाउन अझ प्रयास गर्नुपर्ने पृष्ठपोषण गरेको छ ।'

चुनावी घरदैलोका क्रममा विगतप्रतिको विश्वासले धेरै नभए पनि केहीका लागि सानो आशा पैदा गराउन सकेको रहेछु भन्दै उनले सानो खुशी पनि दिलाएको महसुस भएको बताएका छन्। उनले ठूला आदर्शभन्दा नागरिकका व्यवहारिक समस्या समाधानलाई आदर्श मानेर बीपीको समाजवादबाट प्रेरित भएर चार दशक लामो राजनीतिक यात्राका क्रममा जनतासँगै रहेर काम गरेको बताएका छन्। नेकपा एमालेका सर्वेन्द्र खनाल तेस्रो स्थानमा छन् ।

त्यस्तै रास्वपाकै सभापति रवि लामिछाने पनि चितवन क्षेत्र नम्बर दुईमा भारी मतका साथ अग्रता लिइरहेका छन् । उनीसँग नेकपा एमालेका रामप्रसाद न्यौपानेले पछ्यारहेका छन् भने नेपाली कांग्रेसका उम्मेदवार जितनारायण श्रेष्ठ तेस्रो स्थानमा रहेका छन् । इच्छाकामनाको मतपेटिकाबाट >>> पृष्ठ २ मा

**मेनपावर चाहियो**

चालु अवस्थामा रहेको कुनै पनि उजुर बाजुर नभएको साथै साउदी आई.डी. भएको मेनपावर चाहिएकोले मेनपावर विक्रि गर्न ईच्छुक व्यक्तिहरुले तु-सम्पर्क गर्नु होला ।

9815583350

मध्यान्ह
www.madhyanhadaily.com
१२ वैशाख २०८०, मंगलबार
25 April 2023, Tuesday

# सुडानमा रहेका नेपाली सुरक्षित छन्ः परराष्ट्र




**काठमाडौं/मस**–सरकारले सुडानमा रहेका नेपाली सुरक्षित रहेको जनाएको छ । वैशाख २ (१५ अप्रिल २०२३) गतेदेखि सुडानमा विकसित जटिल सुरक्षा अवस्थालाई लिएर त्यहाँ रहेका नेपाली नागरिकको सुरक्षा र उद्धारका लागि उच्च सतर्कताका साथ सबै पक्षसँग समन्वय गरी आवश्यक प्रयास जारी राखेको परराष्ट्र मन्त्रालयले जनाएको छ ।

इजिप्टको कायरोस्थित नेपाली राजदूतावासद्वारा सुडानमा रहेका नेपाली, संयुक्त राष्ट्रसंघीय शान्ति मिसनहरूमा कार्यरत नेपाली पदाधिकारी, सुडानस्थित अवैतनिक नेपाली वाणिज्यदूत तथा सुडानी निकायहरूसँग निरन्तर सम्पर्कमा रही विवरण अद्यावधिक गर्ने कार्य भइरहेको मन्त्रालयले जनाएको छ ।

नेपाली राजदूतावास, कायरोले राजदूतावाससँग सम्पर्कमा रहेका १९ जना नेपालीको सूची तयार गरेको र सूचीकृत सबैजना हालसम्म सुरक्षित रहेको जनाएको छ । तीबाहेक तीनजना नेपाली शान्ति सैनिक वैशाख १० गते अफ्रिकी मुलुक चाडतर्फ गएको, खार्तुमस्थित संयुक्त राष्ट्रसंघका विभिन्न निकायमा कार्यरत सातजना नेपाली सोही दिन खार्तुमबाट सडकमार्फत रेड सीस्थित पोर्ट सुडानतर्फ प्रस्थान गरिसकेको र त्यहाँबाट हवाई सेवामार्फत युगान्डा जाने तयारी रहेको बुझिएको छ ।

हालको असहज र जटिल सुरक्षा अवस्थामा नेपाल सरकारले सुडानमा रहेका सबै नेपाली नागरिकलाई सुरक्षित स्थानमा रहन र अत्यावश्यक काममा बाहेक बाहिर हिँड्डुल नगर्न आग्रह गरेको छ ।

**नेपाली सुरक्षा अधिकारी सुरक्षित**

यसैबीच आन्तरिक द्वन्द्वमा फसेको सुडानको शान्ति मिसनमा रहेका नेपाली सुरक्षा अधिकारीहरु सबै सुरक्षित रहेको नेपाली सेनाले जनाएको छ ।

सो मिसनमा नेपाली सेनाका लागि दुई जना, नेपाल प्रहरीका तीन जना र सशस्त्र प्रहरीका एकजना अधिकारी छन् । उनीहरु हाल सुरक्षित रहेको नेपाली सेनाका प्रवक्ता कृष्णप्रसाद भण्डारीले बताए । ती अधिकारीमध्ये सुरक्षित गन्तव्यका लागि दुई जना सुडानको छिमेकी देश चाड, एक जना पोर्ट सुडान र एकजना साउथ सुडानतर्फ सडकमार्ग हुँदै पुगेको उनले बताए ।

# रातो मच्छिन्द्रनाथको रथ यात्रा शुरु

**काठमाडौं/मस**–वर्षा र सहकालका देवता मानिने रातो मत्येन्द्रनाथ (रातो मच्छिन्द्रनाथ) को रथ यात्रा शुरु भएको छ । गुरुज्युको पल्टनले विगुल बजाएर हर्षबढाई गरी सोमबारबाट रथ तान्न शुरु गरिएको हो । सोमबार ललितपुरको पुल्चोकबाट मंगलबजारको गाःबहालसम्म रथ तानिएको छ । पुल्चोकमा रथारोहण गराएपछि शुरु भएको मत्स्येन्द्रनाथको जात्रा लगनखेलमा भोटो देखाई मत्स्येन्द्रनाथलाई सानो खटमा राखी बुंगमतीमा लगिएपछि रथजात्रा समापन गरिन्छ ।



रातो मत्स्येन्द्रनाथको जात्रा तीन दिन अघिबाटै शुरु भएपनि सोमबारबाट रथ तानिएको हो । रथलाई जात्रा अवधिभर ललितपुरको टोलटोलमा घुमाइन्छ ।

# बढ्न थाले मानसिक हिंसाका उजुरी

**काठमाडौं/मस**–नेपालमा पछिल्लो समय मानसिक हिंसाका उजुरी बढ्न थालेको पाइएको छ ।

राष्ट्रिय महिला आयोगका अनुसार चालु आर्थिक वर्षको चैतसम्म मानसिक हिंसासम्बन्धी ४२ प्रतिशत उजुरी परेका छन् । आयोगका प्रवक्ता चमिला भट्टराईले हिंसाका विभिन्न स्वरुपमध्ये सो अवधिमा महिला हिंसासम्बन्धी कुल एक हजार चार सय ६७ उजुरीमध्ये मानसिक हिंसासम्बन्धी छ सय १२ वटा उजुरी परेको बताइन् ।

उनले भनिन्, 'आयोगमा दर्ता भएका विभिन्न प्रकारका उजुरीमध्ये मानसिक हिंसासम्बन्धी धेरै छन् । यसबाहेक आर्थिक, शारीरिक र यौनजन्य हिंसासम्बन्धी पनि उजुरी परेका छन् ।'आयोगको तथ्यांक अनुसार साउनदेखि चैतसम्म आर्थिकसम्बन्धी चार सय ३०, शारीरिकसम्बन्धी तीन सय ७९, यौनजन्य हिंसासम्बन्धी ४६ वटा उजुरी दर्ता भएका छन् भने मानसिक हिंसासम्बन्धी ६१२ उजुरी दर्ता भएका छन् ।

शारीरिक हिंसामा कुटपिट, जबरर्जस्ती, गर्भपतन गर्न लगाउनु, महिलालाई कामको बोझ थपेर दुःख दिनु वा शारीरिक घाउ, चोटपटक वा क्षति पुग्ने गरी गरिने कुनै पनि प्रकारको हिंसा यस अन्तर्गत पर्दछ ।

आर्थिक हिंसामा निजी सम्पत्तिको प्रयोग गर्न वा रोजगारी वा आर्थिक स्रोतसाधनको पहुँच वा प्रयोगमा वञ्चित गर्ने कार्य यसभित्र पर्दछ । साथै यौनजन्य हिंसामा काम गर्ने तथा अध्ययन-अध्यापन गर्ने स्थान, सार्वजनिक यातायात वा अन्य सार्वजनिक स्थान, घरभित्र वा जुनसुकै स्थानमा गरिने बलात्कार, बलात्कारको प्रयास, यौन दुर्व्यवहार, यौनशोषण, जबरजस्ती संवेदनशील अंग छुने वा छुवाउने, जबरजस्ती वा झुक्काएर यौन चित्र फोटो वा फिल्म देखाउने वा जबरजस्ती संवेदनशील चित्र, फोटो वा फिल्म खिच्ने, यौनजन्य कुराकानी वा शब्दको प्रयोग गर्ने वा यस्तै प्रकारका अन्य घटना पर्दछ ।




लैंगिक हिंसामा सार्वजनिक वा निजी जीवनमा लैङ्गिक आधारमा कसैप्रति शारीरिक, यौनजन्य वा मानसिक क्षति वा पीडालाई बुझाउँछ । लैंगिक आधारमा हुने वा हुनसक्ने कुनै पनि प्रकारको अपमानजन्य, पीडाजन्य वा धम्कीपूर्ण व्यवहार, दबाब, करकाप वा स्वेच्छाचारी रुपमा महिलालाई स्वतन्त्रताको उपभोग गर्नबाट वञ्चित गर्ने कुनै कार्यसमेत बुझिन्छ । मानसिक हिंसामा शारीरिक यातनाको डर, धाकधम्की दिने, त्रासपूर्ण व्यवहार गर्ने, गालीगलौंच गर्ने, अपशब्द बोल्ने, अरुका अगाडि होच्याउने, तिरस्कार गर्ने, झुठा बात लगाउने, घरबाट निकाला गर्ने, इच्छा विपरीत काम गर्न लगाउने साथै वैचारिक, धार्मिक सांस्कृतिक तथा परम्पराका आधारमा गरिने भेदभावलाई जनाउँदछ ।

मुलुकभरका हिंसाको सम्बोधनमा केन्द्रीय तहमा मात्रै सीमित भइ काम गर्दा अपेक्षाकृत उपलब्धी हासिल नभएको आयोगका अध्यक्ष कमलाकुमारी पराजुलीले बताइन् । लैंगिकमैत्री समाज निर्माणका लागि आयोगलाई स्थानीय तहसम्म पुऱ्याउन सक्नुपर्ने उनको भनाइ छ । संविधानमा राष्ट्रिय महिला आयोगले आवश्यकता अनुसार प्रदेशस्तरमा कार्यालय खोल्न सक्ने व्यवस्था भए पनि हालसम्म प्रदेशमा कुनै कार्यालय स्थापना भएको छैन ।

हाल आयोगले पीडितको उद्दार तथा उजुरीको सम्बन्धमा मेलमिलाप गराउने, विभिन्न निकायः प्रहरी, पुनःस्थापना केन्द्र, ओसीएमसी, स्थानीय निकाय, न्यायिक समिति, कानुनी सहायता प्रदान गर्ने संस्थासँग समन्वय गरी सेवाग्राही र सेवा प्रदान गर्ने निकायको बीच पुलको कामलगायतका जिम्मेवारी बहन गर्दै आएको छ ।

# उठ्यो सिंहदरबारको फोहोर



**काठमाडौं/मस**–काठमाडौं महानगरपालिकाले १८ दिनपछि सिंहदरबार, प्रधानमन्त्री निवास बालुवाटार र राष्ट्रपति निवासको फोहोर व्यवस्थापन शुरु गरेको छ। गत शुक्रबार सर्वोच्च अदालले तीन दिनभित्र सबै फोहोर व्यवस्थापन गर्न काठमाडौं महानगरलाई आदेश जारी गरेको थियो ।

अधिवक्ता पदमबहादुर श्रेष्ठले दायर गरेको रिटमाधि सुनुवाइ गर्दै सर्वोच्च अदालतले तीन दिनभित्र फोहोरको व्यवस्थापन गर्न कामपाका नाममा आदेश जारी गरेको थियो । जनताकै हितका लागि काम गर्दा केन्द्र सरकारले आफूलाई पटकपटक असहयोग गरेको आरोप लगाउँदै गत चैत २५ गते कामपाको प्रमुख बालेन्द्र साहले सामाजिक सञ्जालमार्फत मुख्य प्रशासनिक निकाय सिंहदरबार लगायतको फोहोर नउठाउने बताए ।

गत चैत २५ देखि नै यी तीनै स्थानको फोहोर व्यवस्थापन हुन सकेको थिएन । अदालको आदेशकै आधारमा कामपाले उक्त स्थानहरुको फोहोर व्यवस्थापनको काम थालेको हो । १८ दिनदेखिको फोहोर व्यवस्थापन गर्नुपर्ने भएकाले सबै फोहोरको अन्तिम व्यवस्थापन गर्न कम्तीमा चार दिन लाग्ने कामपाले जनाएको छ ।

अहिले मुख्य प्रशासनिक निकाय सिंहदरबारमा ७० टन, राष्ट्रपति कार्यालयमा ३५ र बालुवाटारमा १५ टन फोहोर जम्मा भएको कामपाको अनुमान छ । कामपाको पूर्वाधार सल्लाहकार सुनिल लम्सालका अनुसार केन्द्र सरकारले स्थानीय सरकारलाई सहयोग नगरेकाले कामपाले यस्तो कदम चाल्नुपरेको बताउनुभयो । लम्सालका अनुसार आजदेखि फोहोर व्यवस्थापनको काम सुरु भएको छ । कम्तीमा चार दिनभित्र तीनैवटै स्थानको सबै फोहोरको अन्तिम विसर्जन हुन्छ ।

गत मङ्सिरमा थापाथलीस्थित बागमती किनाराका सुकुम्बासी बस्ती हटाउने काम होस् या गत चैत २४ गते तीनकुनेदेखि सिनामंगलसम्मको सुकुम्बासी बस्तीमा डोजर चलाउनका लागि पनि केन्द्र सरकारको सहयोग नरहेको गुनासो कामपाको छ ।

# युवती मृत्यु प्रकरणः तनावपूर्ण गौशाला

**महोत्तरी/मस**-युवतीको मृत्यु प्रकरणले महोत्तरीको गौशाला तनावपूर्ण भएको छ। विष सेवनबाट गत शुक्रबार राति मृत्यु भएकी गौशाला-४ मल्हनियाँपोखरीकी २७ वर्षीया आरती साहको मृत्यु प्रकरणले तनाव बढाएको हो ।

आरतीलाई घरका परिवारजन मिलेर यातना दिई विष ख्वाएर मारेको भन्दै सोमबार दिउँसो तीन सयभन्दा बढी महिलाले नाराबाजी गर्दै जुलुस प्रदर्शन गरेका थिए । प्रदर्शनकारी र प्रहरीसँग झडप हुँदा ११ जना घाइते भएका छन् । महिलाहरुले आरतीका ससुरा, सासू र नन्दलाई समेत पक्राउ गरी अनुसन्धान गर्नुपर्ने माग गर्दै उमेश साहको घर घेर्न पुगेपछि प्रहरीले प्रदर्शनकारीलाई रोक्न खोज्दा दोहोरो झडप भएको थियो । उमेश मृतक आरतीका पति हुन् । उनलाई भने प्रहरीले आरतीको मृत्युलगत्तै गत शनिबार बिहानै नियन्त्रणमा लिई अनुसन्धान गरिरहेको छ । सोमबार बाँसका फट्टा लिएका प्रदर्शनकारी महिला उमेशको घरतर्फ गएपछि प्रहरीले उनीहरुलाई रोकेको थियो । यसै क्रममा प्रदर्शनकारीले बाँसका फट्टाले प्रहरीमाथि जाई लागेपछि स्थिति नियन्त्रण गर्न सशस्त्र प्रहरीले १३ सेल अश्रुग्यास प्रहार गरेको थियो। त्यसलगत्तै हवाई फायरसमेत गरिएको सशस्त्र प्रहरी उपरीक्षक लेखनाथ खनालले बताए । यस क्रममा सशस्त्र प्रहरी र नेपाल प्रहरीका गरी आठजना घाइते भएका छन् । त्यसैगरी, प्रदर्शनकारीतर्फ पनि तीनजना सामान्य घाइते भएका ईलाका प्रहरी कार्यालय गौशालाका प्रहरी निरीक्षक मनोज यादवले जानकारी दिए । घाइते सबैको अवस्था सामान्य छ। प्रहरीले प्रदर्शनकारीलाई तितर बितर पार्न थप पाँच राउन्ड हवाई फायर गरेको प्रनि यादवले बताए ।

दिनभरि तनावपूर्ण बनेको गौशाला-४ मल्हनियाँपोखरीचोकमा अहिले सशस्त्र प्रहरीको बर्दिबास-४ माईस्थानस्थित मधेस प्रदेश मुख्यालयबाट थप सुरक्षाबल पुऱ्याइएको थियो । त्यसैगरी, नेपाल प्रहरीको पनि थप बल परिचालित गरिएको ईलाका प्रहरी कार्यालय गौशालाले जनाएको छ । गत शुक्रबार राति विष सेवनबाट गम्भीर अवस्थामा पुगेकी आरतीको बर्दिबास-१ स्थित ओमसाई मल्टिस्पेसिलिटी हस्पिटल एन्ड ट्रमा सेन्टरमा शनिबार बिहानीपख उपचारकै क्रममा मृत्यु भएको थियो । मृतक आरतीका माइतीपक्षले उनका पति उमेश साह, सासू, ससुरा र नन्दसमेत मिली यातना दिएर विष ख्वाई मारेको बताएका छन् । आरतीका पिता धनुषाको जनकपुरधाम उपमहानगरपालिका-२३ बेलाका वलि साहले सबैलाई पक्राउ गरी अनुसन्धान गरिनुपर्ने माग गरेका छन् ।

# अदालतभित्रै अशान्ति मच्चाउने तीन पक्राउ

**गोरखा/मस**–अदालत परिसरभित्रै होहल्ला गरी अशान्ति मच्चाउने तीन जना पक्राउ परेका छन् । जिल्ला अदालतको मेलमिलाप केन्द्रमा सम्बन्धविच्छेदको मुद्दालाई लिएर भइरहेको छलफलमा अशान्ति मच्चाउने तथा हुलहुज्जत गरेको आरोपमा प्रहरीले उनीहरुलाई पक्राउ गरेको हो । पक्राउ पर्नेमा गोरखा नगरपालिका-३ निवासी ४८ वर्षका भीमबहादुर अम्गाई, सिरानचोक गाउँपालिका-४ निवासी ३३ वर्षका राजु नेपाली र ३० वर्षका राजिन नेपाली रहेका छन् । दिउँसो करिब २ बजे अदालत परिसरमा सम्बन्धविच्छेदको मुद्दामा वादी र प्रतिवादीलगायतका व्यक्तिबीच छलफलका क्रममा उनीहरुले जथाभावी हातपात गरी आतंक मच्चाएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक लीलाराज लामिछानेले बताए ।

## हट्यो...

जानकारी दिए । तीन शीर्ष नेताबीच संक्रमणकालीन न्यायसम्बन्धी विधेयकमाथि छलफल गर्न संसदीय विशेष समिति गठन गर्ने पनि सहमति भएको छ । सरकारले सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता व्यक्तिको छानबिन आयोगसम्बन्धी ऐनको संशोधन विधेयक प्रतिनिधिसभामा पेश गरेको छ । दफावार छलफलमा पुगेर अड्किएको यो विधेयकमाथिको थप छलफल विशेष समितिमा गर्ने सहमति भएको हो ।

संत्तारुढ गठबन्धनमा रहेका दलले संक्रमणकालीन न्यायसम्बन्धी विधेयक फास्ट ट्र्याकबाट पारित गर्न चाहेका थिए भने नेकपा एमालेले संसदीय समितिमा छलफलपछि मात्र पारित गर्ने अडान थियो । सोमबार शीर्ष नेताहरुबीचको छलफलमा संक्रमणकालीन न्यायसम्बन्धी विधेयकमाथि छलफल गर्न १५ सदस्यीय विशेष समिति गठन गर्ने सहमति जुटेको एमाले संसदीय दलका प्रमुख सचेतक गिरीले जानकारी दिए ।

## मलेसियामा...

थिए । विलियम्सले मलेसियाभित्र १० मिलियन बेरोजगार रहेकाले तलब बढाएमा उनीहरूलाई सक्रिय पारेर श्रम शक्तिको विदेशी आपूर्ति रोक्न सकिने बताएका छन् ।

मलेसियाको युनिभर्सिटी मलायाका नाजारी इस्माइलले भने फरक दृष्टिकोण राखेका छन् । उनले निर्यात बजारमा प्रतिस्पर्धी हुन उत्पादकहरूलाई सस्तो श्रमको आवश्यकता रहेको र लागत घटाउन सस्तो श्रम प्रयोग नै उत्तम विकल्प भन्दै विदेशी कामदारको स्वीकृतिमा लामो समयसम्म रोक लगाउँदा साना तथा मझौला उद्योगहरूको उत्पादन प्रक्रियामा गम्भीर असर पर्ने बताए । जनशक्तिको अभावका कारण साना तथा मझौला उद्योगहरूको उत्पादन योजना पनि जटिल हुने उनको भनाइ छ ।

रोजगारदाताले स्वीकृत कामदारको आगमन सुनिश्चित गरेपछि मात्र हाल कायम विदेशी कामदारको एप्रुभल निलम्बनको समीक्षा हुने मलेसिया सरकारले बताएको छ । विदेशी कामदार आपूर्तिसम्बन्धी मलेसियाका अर्थशास्त्रीहरूका फरक-फरक दृष्टिकोणले विदेशी कामदारको नयाँ एप्रुभल शुरू हुन केही समय लाग्न सक्ने विश्लेषण कतिपय मलेसियाका सञ्चारमाध्यमहरूको छ ।

## झल्कँदै...

गणना सुरू गरिएकोमा सुरूआती अग्रता एमालेका रामप्रसाद न्यौपानेले लिए पनि पछि रास्वपाका लामिछानेले अग्रता उल्टाएका हुन् । त्यसपछि लामिछानेले निरन्तर अग्रता कायम राखेका छन् ।

यता बारामा पनि मतगणना जारी रहेको छ । बारामा जनमत पार्टी र जनता समाजवादी पार्टीको प्रतिस्पर्धा चलिरहेको छ । जनता समाजवादी पार्टीका उम्मेदवार उपेन्द्र यादव र जनमत पार्टीका उम्मेदवार शिवचन्द्र कुशवाहबीच प्रतिस्पर्धा भइरहेका छ । नेकपा एमालेका पुरुषोत्तम पौडेल तेस्रो स्थानमा रहेका छन् भने राष्ट्रिय स्वतन्त्र पार्टीका रमेश खरेल चौथो स्थानमा छन् ।

**चेकबुक हराएको सूचना**

मिति २०७९/०६ /१५ देखी मेरो विभिन्न चेकबुकहरू हराएको हुनाले कोहि कसैले भेट्नु भएमा वा पाउनु भएमा सम्बन्धित चेक धनी वा सम्बन्धित बैंक शाखामा बुझाईदिनु हुन अनुरोध गर्दछु । यदि उक्त चेकहरु भेटी किर्ते दस्तखत गरी दुरुपयोग गरेको खण्डमा कानुन बमोजिम कारबाही गरिने जानकारी गर्दछौं ।

**बैंक : कृषि विकास बैंक लिमिटेड, साखु-शाखा**

**खाता नं. ०२०९८०११३०५५८०११**

**०२६४५५५४७ देखी ०२६४५५५५६ सम्म, १५५९७३५६५ देखी १५५९७३५६९ सम्म, २०६४५४०५० देखी २०६४५४०५९ सम्म, २६४५९७०६ देखी २६४५९७१४ सम्म ।**

**Name: MIRA PRAJAPATI**
**Phon No: 9860774362**

**तु-आवश्यकता**

**यस म्यानपावर कम्पनीको लागि निम्न कर्मचारीहरु आवश्यकता परेकोले योग्य व्यक्तिहरुले आफ्नो बायोडाटा (CV) सहित यथासिघ्र सम्पर्क गर्नुहोला ।**

| | | |
|---|---|---|
| Documentation Officer | -2 | (Male/Female) |
| PRO | -3 | (Male/Female) |
| Receptionist | -2 | (Female) |

SALARY Negotiable

योग्यताः PRO को लागि सम्बन्धित काममा अनुभव भएकालाई विशेष प्राथमिकता दिइनेछ । Documentation को लागि Photoshop सम्बन्धी ज्ञान भएको, सम्बन्धित काममा २ देखि ३ बर्ष अनुभवीलाई विशेष प्राथमिकता दिनइनेछ । Receptionist को लागि +2 Pass का साथै अंग्रेजी भाषा राम्रो सँग बोल्न र लेख्न सक्नुपर्नेछ ।

9841449563

**(डि.के. रिभर ओभरसिज प्रा.लि.)**
DK River Overseas (P.) Ltd.
(Govt.Lic. No. 1102/073/074)
Tokha-9, Gongabu, Kathmandu, Nepal
Tel: 4980932 | 4982214 | 4955132
Mob: 9851219532 | **9841449563, Email: dkriverhr@gmail.com**

**केराबारी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**केराबारी, मोरङ**
**कोशी प्रदेश, नेपाल**

**आर्थिक प्रस्ताव खोल्ने बारेको सूचना**

**(प्रकाशित मितिः २०८०/०१/१२)**

यस कार्यालयको मिति २०७९।११।०६ गते प्रकाशित सूचना अनुसार तपशिल बोलपत्रको प्राविधिक प्रस्ताव मुल्याङ्कनमा तपशिल बोलपत्रदाताहरु सफल भएकाले निम्न मिति, समय र स्थानमा आर्थिक प्रस्ताव खोलिने भएकोले सम्बन्धित बोलपत्रदाताहरुलाई जानकारी तथा उपस्थितिको लागि अनुरोध छ ।

**तपसिल**

**ठेक्काको नामः अस्पाल्ट कालोपत्रे सडक निर्माण तथा मर्मत KRMC/MOR/W/NCB-13(079/080)**

**मिति र समयः २०८०।०१।१९ गते, दिनको १ बजे**

**स्थानः केराबारी गाउँ कार्यपालिकाको कार्यालय, केराबारी-१० मोरङ**

| सि.नं | सफल बोलपत्रदाता | ठेगाना |
|---|---|---|
| १ | श्रीकृष्ण निर्माण सेवा | सुनसरी |
| २ | आर वान-यसुकी जेभि | सुनसरी |

**प्रमुख प्रशासकीय अधिकृत**

**तिला गाँउपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**डुण्डेली, जुम्ला**
**कर्णाली प्रदेश, नेपाल**

**आशयको सूचना गारिएको सम्बन्धमा**

**सूचना प्रकाशित मितिः २०८०-०१-१२ गते**

यस गाँउपालिकाबाट मिति २०७९।१०।२९ गतेमा तपसिल बमोजिमका योजनाहरु खरिद प्रक्रियाबाट संचालनका लागी E–Bidding मार्फत बोलपत्र आह्वान सूचना प्रकाशन गरिए अनुसार पर्न अएका बोलपत्रहरु मध्ये निम्न बमोजिमको बोलपत्रदाता न्युनतम मूल्याङ्कित सारभूतरुपमा प्रभावग्राही ठहर हुन आएकोले, स्विकृतिको लागि सिफारिस भएकोमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो ७ (सात) दिने आशयको सुचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| सि.नं. | ठेक्का नं. | योजनाको नाम | स्वीकृत बोलपत्रदाता | कबोल अंक भ्याट सहित |
|---|---|---|---|---|
| १ | TRM/Jumla/NCB/Work/SMBBN/079/080–07 | सेतिबाडा माध्यामिक विद्यालय भवन निर्माण | Narayan Nirman Sewa Chandannath Municpality, Jumla. | ३७,३५,३०२।५७ |

**नि प्रमुख प्रशासकीय अधिकृत**
**मोहन बहादुर बिष्ट**

# विपद् व्यवस्थापन सूचना प्रणालीलाई थप व्यवस्थित गरिने

**मध्यान्ह संवाददाता**
काठमाडौं, ११ वैशाख



उपप्रधानमन्त्री एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठले विपद् जोखिमको सूचना प्रत्येक समुदाय र व्यक्तिसम्म पुग्ने संयन्त्रको विकास गर्नपर्ने बताएका छन् । 'विपद् जोखिम व्यवस्थापन : नीतिगत व्यवस्थादेखि अभ्याससम्म' विषयक कार्यशालामा उनले विपद् जोखिम न्यूनीकरणका साथै रोकथामका लागि आधुनिक सूचना प्रविधिको अधिकतम प्रयोग गर्नुपर्ने बताए ।

उनले भने, 'विपद् व्यवस्थापन सूचना प्रणालीलाई थप सुदृढ गर्दै बहुप्रकोपीय पूर्वसूचना प्रणालीको विकास गरी जोखिमको सूचना प्रत्येक समुदाय र व्यक्तिसम्म पुग्ने संयन्त्रलाई थप प्रभावकारी बनाउन आवश्यक छ ।' गृहमन्त्री श्रेष्ठले विपद् जोखिम व्यवस्थापनमा अन्तर तह र अन्तर निकाय समन्वयलाई थप प्रभावकारी बनाउन निर्देशन दिए । उनले पुनः निर्माण र पुनःस्थापनामा प्राधिकरणसँगै सहरी विकास मन्त्रालय, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, कृषि तथा पशुपन्छी विकास मन्त्रालय र वन तथा वातावरण मन्त्रालयले जिम्मेवार भई समन्वयात्मक भूमिका निर्वाह गर्नुपर्ने बताए ।

गृहमन्त्री श्रेष्ठले आगलागीका घटनामा अग्नि नियन्त्रण र वारुणयन्त्र व्यवस्थापनको कार्यमा स्थानीय तहलाई थप सहयोग गर्ने संयन्त्र निर्माणका लागि प्रतिबद्धता समेत जनाए । उनले स्थानीय तहलाई विपद् व्यवस्थापन कोषलाई राहतमा मात्र केन्द्रित नगरी दीर्घकालीन व्यवस्थापनमा जोड दिन सुझाव दिए । कार्यशालामा ललितपुर महानगरपालिका प्रमुख चिरीबाबु महर्जनले विपद् व्यवस्थापनका लागि प्रदेश र संघबीच समन्वय गर्न महानगर तयार भएको बताए ।

कार्यशालामा नेपालका लागि चीनका राजदूत छन् सोङ्ले विपद् व्यवस्थापनका लागि चीनले गरेको अभ्यासबारे चर्चा गर्दै नेपाललाई आवश्यक सहयोग गर्ने प्रतिबद्धता जनाए । प्रा.डा.विशालनाथ उप्रेतीले भूकम्पको जोखिमबारे सचेत गराउँदै पूर्वतयारीका लागि सरोकारवालाको ध्यानाकर्षण गराए । गृह मन्त्रालय, ललितपुर महानगरपालिका र राजनीतिशास्त्र अध्ययन संघसँगको सहकार्यमा संयुक्तरूपमा आयोजित कार्यशालामा सरकारी, गैरसरकारी संघसंस्था, विज्ञ, स्थानीय तह र सुरक्षा निकायको सहभागिता रहेको थियो । कार्यशालामा विपद्सम्बन्धी नीतिगत तथा कानूनी प्रावधान, यसको कार्यान्वयन र तीनै तहले गरिरहेको अभ्यासका विषयमा छलफल भएको थियो ।

# लोकतन्त्र दिवसको अवसरमा रक्तदान

**पवन जायसवाल/मध्यान्ह**
नेपालगन्ज, ११ वैशाख



१७ औं लोकतन्त्र दिवसको अवसरमा मानव अधिकार तथा शान्ति समाज बाँके शाखाले सोमबार रक्तदान कार्यक्रम सम्पन्न गरेको छ।

'मानव अधिकार, शान्ति, लोकतन्त्र, अहिंसा' भन्ने मूल नाराका साथ आयोजित कार्यक्रममा महिला, पुरुष गरी ३३ जनाले रक्तदान गरेका छन् । प्रादेशिक रक्त सेवा केन्द्र नेपालगन्जको प्राविधिक सहयोग, एन.भी.यूथ ग्रुप नेपालगन्जको सहकार्यमा वडा नं. ७ को आधारभूत स्वास्थ्य सेवा केन्द्रमा रक्तदान कार्यक्रम आयोजना गरिएको हो ।

कार्यक्रममा एन.भी.यूथ ग्रुप नेपालगन्जका अध्यक्ष प्रकाश नेपाली, निखिल पछाई, मनोज नेपाली, अकेश नेपाली, सुरज नेपाली, अर्जुन घर्तीमगर, ओमप्रकाश कश्यप, कल्पना नेपाली, मुना नेपाली, अस्मिता नेपाली, भीम गुरुङ, सुरज नेपाली, सोचन सिंह नेगी, सविन श्रेष्ठ, विनोद नेपाली, घन श्याम, अर्जुन योगी, झलनाथ घर्तीमगर, प्रतिभा नेपाली, जावेद सल्मानी, बाबुराम नेपाली, समीर सल्मानी, असरफ अन्सारी, शिक्षिका मञ्जुलता श्रीवास्तव, दुर्गा नेपाली, नरेश नेपाली, बिजय नेपाली, सुनिल नेपाली, तबिता घर्तीमगर, सुजल नेपाली, सोसिरा रानामगर, दिपेन्द्र बैश्य र गणेश सिंह लगायत ३३ जनाले रक्तदान गरेका थिए ।

कार्यक्रममा नेपालगन्ज उप-महानगरपालिका वडा नं.७ का वडाध्यक्ष प्रशान्त श्रेष्ठ, वडा कार्यालयका पदाधिकारी, एन.भी.यूथ ग्रुप नेपालगन्जका पदाधिकारी, मानव अधिकार तथा शान्ति समाज बाँके शाखा अध्यक्ष प्रेम कुमार शर्मा, पूर्व अध्यक्ष कृष्णा देवी पाण्डेय, सचिव घनश्याम बैश्य, केन्द्रिय सदस्य ज्योति बाल्मिकी र स्थानीयबासीहरुको सहभागिता रहेको थियो । कार्यक्रममा प्रादेशिक रक्त सेवा केन्द्र नेपालगन्जका सोम प्रकाश सापकोटा, सुनिता कुमाई, महेश राना क्षेत्री, वीरेन्द्र योगी र केशरसिंह डाँगीले प्राविधिक सहयोग गरेका थिए ।


**Government of Nepal**
**Shivasatakshi Municipality**
**Office Of The Municipal Executive**
**Jhapa, Nepal**

## Invitation for Bids

**Invitation for Bids No: 19/SM/NCB/Cons/2079/080**
**Date of publication: 2023/04/25 (2080/01/12)**

1. Shivasatakshi Municipality invites electronic bids from Nepalese eligible bidders for the Nagar Smart School Construction Program under National Competitive Bidding procedures.

| Contract Identification No | Name of Procurement | Estimated Amount (without VAT & Contingencies ) | Bid Document Fee ( NRs.) | Bid Security (NRs) |
|---|---|---|---|---|
| **19/SM/NCB/ Cons/2079/80** | Nagar Smart School Construction Program (Balnikunja Secondary, Suryodaya Basic & Bal Sewa Basic School) | **6222830.37** | **3000.00** | **200000.00** |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Shivasatakshi Municipality, Jhapa, Phone No: 023470323 or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidder must download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp,. Bidders must submit their bid electronically, should deposit the cost(as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: **Mega Bank Nepal Ltd, Birthamod Branch**
   Name of the Office: **Shivasatakshi Municipality**
   Office Account no. (Rajaswa Khata) : **3140010000128**
4. Pre-bid meeting shall be held at **2023/0 5/16 (2080/02/02)** at **8.00 A.M.** on **Technical Department of Shivasatakshi Municipality.**
5. Electronic bids must be submitted through PPMO website www.bolpatra.gov.np/egp on or before **12.00 P.M.** on **2023/05/25 (2080/02/11).** Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **2.00 P.M.** on **2023/05/25 (2080/02/11)** at the office of **Chief Executive Officer of Shivastakshi Municipality.** Bids must be valid for a period of **90 Days** after bid opening and must be accompanied by scanned copy of the bid security in .pdf format, which must be deposited to Dharauti Account No: **3140010000161** on the behalf of **Shivasatakshi Municipality** at **Mega Bank Limited, Birthamod Branch** amounting to a minimum of as stated above in bullet no 1, or bid bond authorized from a recognized "A" class commercial or financial institution eligible to issue bank guarantee as per prevailing law of Nepal. The Bid security amount stated above shall be valid for 30 days beyond the validity period.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.
8. Bid should comply in all respects with the instruction to Bidder included in the bid document no compliance with this instruction shall result in disqualification.
9. All the other condition of bidding process will be as per Public Procurement Act 2063 and Public Procurement Regulation 2064.
10. Shivasatakshi Municipality reserve the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.

**Chief Administrative Officer**



**Nepal Government**
**Ministry of Physical Infrastructure & Transport**
**Department of Roads**
**Federal Highway Supervision and Monitoring Office Itahari**
**Road Division Ilam**

## Letter of Intention to Award Contracts

**Date of Publication: 2023-04-25 (2080-01-12 BS)**

This is to inform to all concerned in accordance with the Instructions to Bidders as Clause 27(2) of Public Procurement Act 2063(PPA) that it is our intention to award the following contracts of Invitation for Bids Notice No: 09-79-80 published on the date 2079-11-14 of the Road Division Ilam to the bidders as listed below as Bid price of corresponding bidders, as corrected and modified, is determined to be substantially responsive and lowest evaluated Bid price.

| S.N. | Contract No. | Description of works | Lowest evaluated substantially responsive bidder's name and address | Bid Amount including VAT and PS (NRs.) |
|---|---|---|---|---|
| 1 | RDILAM/ 337310113/ 079/80/33 | Rehabilitation Works Along Mechi Highway (Phidim Suketar Section) | M/S Baudhha Nirman Sewa, Ilam | 28,282,485.11 |
| 2 | RDILAM/ 337310113/ 079/80/34 | Rehabilitation Works Along Mechi Highway (Maikhola Phidim Section) | M/S Baudhha Nirman Sewa, Ilam | 19,915,458.87 |
| 3 | RDILAM/ 337310113/ 079/80/35 | Rehabilitation Works Along Mechi Highway (Chihanedanda Maikhola Section) | M/S Baudhha Nirman Sewa, Ilam | 18,496,077.30 |

Please be informed that if review application from any bidders will not be received by Road Division Ilam within seven days as mentioned in Instruction to Bidders and Clause 47 of PPA then "Letter of Acceptance" will be issued to above listed bidder as per Clause 27(3) of PPA.

**Division Chief**



**सुर्नया गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**रौलेश्वर, बैतडी**
**सुदूरपश्चिम प्रदेश, नेपाल**

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मितिः २०८०/०१/१२**

यस कार्यालयबाट मिति २०७९/१२/०७ मा राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार निम्नानुसारको ठेक्काहरुमा तपशिलको बोलपत्रदाताको बोलपत्र यस कार्यालयको बोलपत्र मुल्यांकन समितिबाट स्वीकृत भएकाले सार्वजनिक खरीद ऐन २०६३ को दफा २७ को उपदफा २ बमोजिम सम्पुर्ण बोलपत्र दाताहरुको जानकारीका लागि यो ७ दिने बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशित गरीएको छ ।

| सि. न. | ठेक्का न. | कामको विबरण | स्वीकृत बोलपत्रदाताको नाम | कबोल अंक (मु.अ.क.) सहित |
|---|---|---|---|---|
| १ | NCB/SRM/ BAITADI/07/089-080 | Construction Of Uchhakot Ma.Bi.School Building Second Part,surnaya-1 | Saniya Construction , Surnaya-1 ,Baitadi | 1836313.621 |
| २ | NCB/SRM/ BAITADI/08/089-080 | Construction Of Dipu Pichas Mandir to Kedar Gufa PCC Foot Track,Surnaya-3 | Suraj Nirman Sewa,Surnaya-3,Baitadi | 1729499.57 |
| ३ | NCB/SRM/ BAITADI/09/089-080 | Motinagar Morbhatyauna He.Po.Bhumiraj Road Gabion,Masonary Wall & Gravel Filling Work | Nagarjun Construction &Suppliers Pvt. Ltd.,Patan-6,Baitadi | 2497035.58 |

**प्रमुख प्रशासकीय अधिकृत**





मध्यान्ह
www.madhyanhadaily.com
१२ वैशाख २०८०, मंगलबार
25 April 2023, Tuesday

## सम्पादकीय

# सत्ताको दाउपेचमा संविधान नकुल्च

खगराज अधिकारी नेतृत्वको गण्डकी सरकार ढलेको तीन दिन भयो । तर, अझै, नयाँ सरकार गठन प्रक्रिया अघि बढेको छैन । लुम्बिनी प्रदेशमा पनि सरकार ढलेको छ । लुम्बिनीमा पनि नयाँ सरकार गठन प्रक्रिया अघि बढेको छैन । लुम्बिनी प्रदेश प्रमुख अमिक शेरचनले नयाँ सरकार गठनबारे आफू कानुनी परामर्शमै रहेको बताएका छन् । विश्वासको मत नपाएपछि एमालेका लिला गिरी मुख्यमन्त्रीबाट पदमुक्त भएका छन् ।

दुवै प्रदेशमा अब पुनः दुई वा दुई भन्दा बढी दलको समर्थनमा मिलीजुली सरकार गठनको आह्वान गर्ने वा ठूलो दलको हैसियतमा संसदीय दलको नेतालाई मुख्यमन्त्री नियुक्त गर्ने विषय पेचिलो बनेको छ । यस विषयमा दुवै प्रदेशमा प्रदेश प्रमुखले निर्णय लिएका छैनन् । प्रदेश प्रमुखको अनिर्णयमा सत्ताको नेतृत्व गर्न राजनीतिक दलहरूले आ–आफ्नो दाउपेच थापिरहेका छन् । कुनै दलले संविधानको धारा १ सय ६८ को उपधारा २ अनुसार नै सरकार बन्नुपर्छ अडान राखेको छ । कुनै दलले उपधारा ३ अनुसार सरकार बन्नुपर्छ भन्ने अडान लिएको छ । सत्तारूढ दलका संसदहरू केन्द्रीय नेता भेट्न काठमाडौं धाइरहेका छन् ।

प्रदेश प्रमुखले १६८ (२) अनुसार नयाँ सरकार बनाउन आह्वान गरे आफ्नो नेतृत्वमा सरकार गठन गर्ने कुनै दलको चाहना छ । उपधारा ३ अनुसार आह्वान भए आफ्नो नेतृतवमा सरकार बनाउन सकिने अर्को दलको तयारी छ । संविधानको धारा १६८ (२) अनुसार आह्वान भएमा मिलिजुली सरकार बन्न सक्छ । तर, दुवै प्रदेश प्रमुख निर्णयमा नपुग्दा कुन धारा अनुसार सरकार गठन हुन्छ भन्ने अन्योल कायमै छ । यस्तोमा सबै राजनीतिक दलका शीर्ष नेताहरूले आफ्नो अनुकूल धारा उल्लेख गरेर सरकार गठन गर्न सुझाइरहेका छन् । यसकारण पनि प्रदेश प्रमुखले निर्णय लिन सकेका छैनन् ।

अर्थात, यो वा त्यो नाममा प्रदेश सरकारको नेतृत्व लिन राजनीतिक दलहरूले संविधानको ब्याख्या गर्न खोजिरहेका छन् । संविधानतः सरकार बन्ने चार अवस्थाको परिकल्पना गरिएको छ । एकल बहुमतको सरकार, दुई वा दुई भन्दा बढी दलको संयुक्त सरकार र सबैभन्दा ठूलो दलको सरकार । दलहरूले सरकार बनाउन नसकेको अवस्थामा कुनै स्वतन्त्र सांसदले समेत सरकार बनाउने दाबी गर्न सक्ने संवैधानिक व्यवस्था छ । यसमा प्रदेश प्रमुखले स्वविवेकले निर्णय लिन सक्ने व्यवस्था दुई वा दुई भन्दा बढी दलको सरकार ढलेको अवस्थामा के गर्ने भन्नेमा देखिन्छ । दुई वा दुई भन्दा बढी दलको सरकार बन्ने अवस्था रहे पुनः मौका दिन सकिन्छ । त्यस्तो अवस्था नरहे अर्को धारामा जाने हो । यस्तोमा प्रदेश प्रमुख राजनीतिक दाउपेचबाट प्रभावित हुन हुन्न । संविधान र अवस्था नियालेर विवेक प्रयोग गर्नुपर्ने देखिन्छ । जसले सकारात्मक नजिर स्थापित गर्न सकोस् ।

# युवा पलायनले उब्जाएको प्रश्न

*युवा पलायनको स्थितिलाई हेर्ने हो भने भनिएका परिवर्तन वा क्रान्ति सबै मिथ्याबाहेक केही होइन भन्ने स्पष्ट हुन्छ । हामी थप पछाडि फर्किँदैछौ भन्ने पनि यसले देखाउँछ । क्रान्ति र परिवर्तनको नाममा नेतृत्वले युवाहरूलाई पलायन हुन मात्रै सिकाइरहेको पनि स्पष्ट हुन्छ ।*

अग्रलेख



● विष्णु पन्त

त्रिभुवन विमानस्थलमा विदेश जाने युवाहरुको ताँतीले सामाजिक सञ्जालमा चर्चा पाइरहेको छ । हालै त्रिभुवन विमानस्थलमा देखिएको युवाहरुको ताँतीको तस्बिरलाई जोडेर कतिपयले तालिबानको कब्जापछि अफगानिस्तानबाट भाग्दै गरेका पश्चिमाहरुको ताँतीसँग तुलना गरेका छन् । अफगानिस्तानमा राजनीतिक पराजयपछि पश्चिमाहरु आफ्नो मुलुक फर्किएका थिए भने नेपालका युवाहरु गासबाँसको खोजीमा विदेश पलायन भएका हुन् । जुन निकै दर्दनाक खालको छ ।

यो पलायनको स्थितिलाई हेर्ने हो भने भनिएका परिवर्तन वा क्रान्ति सबै मिथ्या बाहेक केही होइन भन्ने स्पष्ट हुन्छ । हामी थप पछाडि फर्किँदैछौ भन्ने पनि यसले देखाउँछ । क्रान्ति र परिवर्तनको नाममा नेतृत्वले युवाहरुलाई पलायन हुन मात्रै सिकाइरहेको पनि स्पष्ट हुन्छ । हाम्रो राज्य सत्ता वा राजनीतिक प्रणालीको योभन्दा ठूलो असफलता अरु के होला ? २०४६/०४७ अनि २०६२/०६३ को परिवर्तनको उद्देश्य के रेमिट्यान्सको खेति गर्नु थियो ? हाम्रो नेतृत्वमा भएको योभन्दा ठूलो अदुरदर्शिता, दृष्टिकोणहिनता र गैह्रजिम्मेवारी अरु के हुन सक्ला ? आजको कटुसत्य त यो छ कि हाम्रा युवाहरु आफ्नो देश वा मातृभूमिप्रति घृणा गर्दैछन् । देश स्वर्ग र धनी हुँदा हुँदै पनि नेताहरुले कंगाल बनाए भन्ने आम आरोप छ ।



आज प्रत्येक एसईई दिँदै गरेका विद्यार्थीहरुको सपना विदेश पलायन बनेको छ । उनीहरु ११/१२ को परीक्षा दिएसँगै आइएलिटएस जस्ता भाषा कक्षाहरु लिन तयार देखिएका छन् । उनीहरुको उद्देश्य विदेश गएर पढ्ने मात्र होइन, उतै पलायन हुने छ । ग्रिन कार्ड र पिआर प्राप्त गर्ने उनीहरुका सपनाहरु छन् । यो कटु सत्य हो कि विदेशिने अधिकांश युवाहरु नेपालको नागरिकता सगर्व त्याग्न चाहन्छन् । हामीले हाम्रो नागरिकताको मूल्य कस्तो बनाएका छौं ? हामी हाम्रा छोराछोरीहरुले हाम्रो नागरिकता त्याग्दा गर्व गरिरहेका छौं । हामीले सुरुमा युवाविहीन देश बनाउँदैछौं भन्नुको अर्थ भविष्यमा नागरिकविहीन राज्य बनाउँदैछौं ।

आज गाउँमा युवाहरु छैनन् । गाउँहरु रित्तिदै गएका छन् । गाउँका घर, जग्गाहरु खाली वा बन्द भइरहेका छन् । गाउँका घर, खेत, बारीमा बाँदरसहित जंगली जनावरको आतंक फैलँदो छ । गाउँका विद्यालयहरु विस्तारै खाली हुँदैछन् । धेरै विद्यालयहरु नचलेर वा बन्द भएर मर्जिङ्गमा जाँदैछन् । गाउँमा काम गर्ने मान्छे नै छैनन् । वास्तवमा भन्ने हो भने यो समस्या ज्यादै गम्भीर र विकराल बन्दैछ । यो अवस्था थप कस्तो बन्छ अनिश्चित छ ।

युवाहरुमा आफ्नो अस्तित्वको लागि वा बाँच्नका लागि केही गर्नैपर्ने हुन्छ । गाउँमा कुनै विकल्प नदेखेपछि सुरुमा युवाहरु शहरमा जान्छन् तर, शहरमा काम नपाएपछि बेरोजगार बन्छन् । शहरमा टिक्न नसक्ने भएपछि विदेश वा वैदेशिक रोजगारको बाटो रोज्छन् । गाउँबाट गएका युवाहरु मात्र होइन शहरका युवाहरुको पनि विकल्प विदेश बनेको छ । सबैको एउटै गुनासो छ : नेपालमा वा स्वेदशमा केही गर्ने वातावरण नै छैन । छोराछोरी राम्रो देशमा गएपछि बाबुआमा पनि उतै जाने क्रम बढ्दो छ । आज राहदानी बनाउने कुरा सामान्य जस्तै बनेको छ । तथ्यांकीय हिसाबले खोज्ने हो भने आधाभन्दा बढी युवाको हातमा राहदानी छ । राहदानी बनाउन कति लाइन लाग्नुपर्छ ? राहदानी बनाउने युवाहरुको भीडलाई नियन्त्रित र व्यवस्थित बनाउन राज्यलाई कति हम्मेहम्मे पर्छ ? राहदानी बनाउने भीड दिनप्रतिदिन बढ्दो छ र घट्ने सम्भावना छैन । धन्य छ, धन्न सरकारले युवाहरुलाई नागरिकता र राहदानीसम्म दिन सकेको छ । देशमा जन्मेवापत उनीहरुले पाउने एउटै मात्र उपहार छ, त्यो हो राहदानी । चुनावमा गजबको नारा लाग्छ : फ्रि भिसा, फ्रि टिकट ! तर, त्यो कहिल्यै लागु हुँदैन । राजस्व असुली वा व्यापारको लागि सरकारले गर्न नसकेको एउटा काम छ : त्यो हो सरकारी कन्सल्टेन्सी र मेनपावरको सञ्चालन । विदेश जान बाध्य युवाहरुको दिमागमा सरकारले नै कन्सल्टेन्सी र मेनपावर चलाइदिए कति राम्रो हुन्थ्यो भन्ने छ ।

> *जुन खालको युवा पलायनको भयावह अवस्था देखिएको छ, यसमा कमी आएन वा रोकिएन भने आगामी दश वर्षपछिको मुलुकको अवस्था के होला ? नेपालको जनसंख्या कति होला ? नेपालको गाउँ, सहरको अवस्था कस्तो बन्ला ? यहाँको उत्पादन संरचना कस्तो होला ? हाम्रा राजनीतिक एजेण्डा के होलान् ? अनगिन्ती प्रश्न हाम्रा सामु छन् ।*

आज विद्यार्थीहरु विदेश पलायन भइरहँदा स्नातक तह पढाउने विद्यालयका गतिविधि प्रभावित भएका छन् । एकातिर विद्यार्थीहरुको चाप निकै घटेको छ भने भएका विद्यार्थीहरु पनि पढाइतर्फ ध्यान दिँदैनन् । क्याम्पसमा जोडिने धेरै विद्यार्थीहरु कन्सल्टेन्सीका भाषा कक्षा धाइरहेका हुन्छन् । उनीहरुलाई चासो कहिले भिषा लाग्छ र जान पाइन्छ भन्ने मात्रै छ । जुन खालको युवा पलायनको भयावह अवस्था देखिएको छ, यसमा कमी आएन वा रोकिएन भने आगामी दश वर्षपछिको मुलुकको अवस्था के होला ? प्रश्न उब्जिएको छ । नेपालको जनसंख्या कति होला ? नेपालको गाउँ, सहरको अवस्था कस्तो बन्ला ? यहाँको उत्पादन संरचना कस्तो होला ? हाम्रा राजनीतिक एजेण्डा के होलान् ? अनगिन्ती प्रश्न हाम्रा सामु छन् । हाम्रो राजनीतिक नेतृत्व "फ्रि भिषा, फ्रि टिकट"को नारामै मस्त छन् । उनीहरुको योजना युवाहरुलाई विदेश पठाउने र रेमिट्यान्स भित्र्याउने मात्रै छ ।

युवाहरुको पलायनले निकै चिन्ताको अवस्था बनाएको छ । रोजगारी वा कामका लागि खाडी जानेले त रेमिट्यान्स पनि पठाउलान्, कामपछि स्वेदश फर्किएलान् । त्यहाँको अनुभव देशको विकासका निम्ति लगाउलान् । देशको राजनीतिकदेखि अन्य परिवर्तनमा भूमिका खेल्लान् । तर, अध्ययनका निम्ति भनेर विदेशीनेहरु प्रायः स्वेदश फर्किँदैनन् । उनीहरुको मुख्य गन्तव्य अमेरिका, क्यानडा, अष्ट्रेलिया, जापान र युरोप जाने खालको छ । उनीहरु अध्ययनसँगै काम र पछि पिआर वा ग्रिन कार्ड लिन्छन् । उनीहरु मिलेसम्म परिवारै उतै लिएर जान्छन् । अझ कतिपयले नेपालको जायजेथासमेत बेचेर उतै पलायन भएका उदाहरण छन् । विशेषगरी अमेरिका र युरोपको सन्दर्भमा त्यस्तो देखिन्छ ।

युवाहरुलाई देशभित्रै आकर्षित गर्ने रणनीति बनाउनेतर्फ हामीले सोच्नपर्छ । देशभित्र युवाहरुलाई प्रशस्त अवसरहरु प्रदान गर्ने रणनीतिहरुको आवश्यकता छ । पहिलो कुरा, देशभित्र रोजगारीको सिर्जना गर्नुपर्छ । हामीले आकर्षक रोजगारीको व्यवस्था गर्न सकेका यो समस्याको आधा हल हुन्छ । दोस्रो सरकारी सेवामा धेरैलाई अवसर दिने रणनीतिको विकास गर्नुपर्छ । लोकसेवाको वर्तमान परीक्षा प्रणालीले एकै प्रकारका घोकन्ते युवाहरुलाई मात्र आकर्षित गरेको छ । धेरैभन्दा धेरै युवाहरुलाई अवसर दिने हो भने आजीवन वा २०/३० वर्षे स्थायी होइन ५/१० वर्षे स्थायी प्रणालीको विकास गर्नुपर्छ । प्रतिस्पर्धालाई बहुआयामिक बनाउनुपर्छ । दोस्रो हामीले युवाहरुलाई स्वरोजगार योजना दिनुपर्छ । उत्पादन वा स्वरोजगारका लागि सरकारले आवश्यक ऋण दिन सक्नुपर्छ । कृषि, पर्यटन र उद्योगमा सरकारले ठूला-ठूला रोजगारमूलक कार्यक्रम विकास गर्न सक्नुपर्छ ।

देशभित्र बन्ने उद्योग जस्तैः हाइड्रोपावर, केवलकार आदिमा युवाहरुलाई निश्चित सेयर दिने नीतिको विकास गर्न सकिन्छ । ठूला-ठूला सरकारी बजेट खर्च हुने परियोजनामा सरकारले नै युवाहरुलाई परिचालन गर्न सक्नुपर्छ । राज्यलाई चाहिने कर्मचारीको भर्ती गर्दा सीपमूलक विद्यालय वा विश्वविद्यालयको अवधारणामा जान सकिन्छ । शिक्षा पढ्नेहरुलाई शिक्षक बन्ने अवसर दिनु वा ग्यारेन्टी गर्नु राज्यको दायित्व हो । सरकारी अवसरहरुमा धेरैको पहुँच पुग्ने नीति आजको आवश्यकता हो । उत्पादनमा राज्यले लगानी गर्नुपर्छ । युवाहरुलाई उत्पादनमा लगाउने र उत्पादित सामान किन्ने सुनिश्चितता सरकारले दिनुपर्छ । युवाहरुलाई आकर्षित गर्ने शिक्षा प्रणालीको विकास अनिवार्य बनेको छ । शिक्षालाई रोजगारमूलक, सीपमूलक र उत्पादनमा आधारित बनाउनुपर्छ । शिक्षा, स्वास्थ्य र रोजगारीलाई राज्यले जिम्मा लिनुपर्छ । बेरोजगार युवाहरुलाई भत्ता दिने काम राज्यले गर्नुपर्छ । राज्यले उत्पादन सेना वा प्रहरी निर्माण गरी काममा लगाउन सक्छ । यति गर्न सकेमा युवाहरुको पलायन रोकिन सक्छ तर, के राज्यसँग त्यो दृष्टिकोण र योजना छ त ?

## सामाजिक सञ्जाल



**- भानुप्रसाद आचार्य**

लोकरिझ्याइँ क्षणिक हुन्छ भन्ने बुझ्दा बुझ्दै सत्तासिन यसको पछाडि कुद्दै छन् । जनतालाई गुमराहमा नपार, राज्यकोषमा भार पारी सस्ता कुरा नगर । घुमाइ फिराइ आफ्नालाई पोस्नु साटो, अपनाउ राज्य कोष सदुपयोग गर्ने समुचित बाटो । लोकरिझ्याइँ र बिना प्रतिस्पर्धा बिचौलिया पोस्ने नीतिले मुलुकको दुर्गती मात्रै ल्याउँछ ।



**- डम्मर खतिवडा**

मंसिर ४ को परिणामबाटै कथित ठूला दल र तिनका शीर्ष नेताहरुले मतदाताको मुड बुझेर आफुलाई सुधार्न सक्थे, उल्टै दुई वटा ठूला गल्ती गरे । एक : बारम्बार गठबन्धन बदलेर अस्थीरता र अवसरवादको खेती । दुई : आर्थिक तथा वित्तीय संकट हल गरी जनतालाई राहत दिनुको साटो "सबै ठीक छ" भन्दै उल्टै ढाकछोप ।



**- मुमाराम खनाल**

उपनिर्वाचनसम्म आउँदा मतदाताको बदलिँदो रुझानबाट परम्परावादी दलहरूलाई खुसीको सन्देश के हो भने 'पुराना दलहरू सुध्रिनुपर्ने' नागरिकको दबाबबाट उनीहरू मुक्त भएका छन् । अब उनीहरू सुध्रिनु पर्दैन, मतदाताले आफै सुधारेर घर पठाउँछन् ।



**- मुकेश काफ्ले**

